# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह नवौं सार्क मन्त्रिपरिषद् र चौधौं स्थायी समितिको बैठकमा भागलिन माल्दिभ्सको राजधानी मालेतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री यादवकान्त सिलवाललाई मिति २०४८।३।१३ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निर्माण तथा यातायात मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मदनमान अमात्यलाई मिति २०४८।३।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,<br>
मधुसूदनप्रसाद गोर्खाली<br>
श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४८।१।१६ को निर्णयानुसार रेडियो प्रसार सेवा विकास समितिको कार्यकारी निर्देशक पदमा नियुक्त हुनुभएका लोक सेवा आयोगका सह-सचिव श्री घनानाथ ओझाको नेपाल प्रशासन सेवा, राजपत्रांकित प्रथम श्रेणी, सह-सचिवस्तरको पदाधिकार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।